# स्थानीय राजपत्र

गढवा गाउँपालिका, दाङद्वारा प्रकाशित

खण्ड १०) गढवा गाउँपालिका, मिति: २०८३/२/२९/६ (संख्या१)

भाग-२


## गढवा गाउँपालिका, दाङ

गढवा गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा (४) तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गढवा गाउँपालिकाले तल लेखिए बमोजिमको वाल संरक्षण नीति, २०८३ सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

१. पृष्ठभूमि

**गढवा गाँउपालिकाको परिचय**

कार्यपालिकावाट स्वीकृत मितिः २०८३/२/५/३

प्रमाणिकरण मितिः२०८३/२/२९/६

**क. भौगोलिक अवस्थिती**

गढवा गाउँपालिका लुम्बिनी प्रदेश दाङ जिल्ला अन्तर्गत पर्दछ । विश्व मानचित्रमा अवस्थिति ८२०२८'०" देखि ८२०४८'५०" पूर्वी देशान्तर र २७०४१'५०"देखि २७०५०'२०"उत्तरी अक्षांशसम्म फैलिएर रहेको गढवा गाउँपालिका साविकका गा.वि.स हरू गढवा, कोइलावास, गँगापरस्पुर र गोबरडिहा मिलेर बनेको हो । समुद्री सतहबाट १९५ मिटरदेखि ८८५ मिटरसम्मको उचाइमा रहेको यस गाउँपालिकाको पूर्वमा अर्घाखाँची र कपिलवस्तु जिल्ला, पश्चिममा राजपुर गाउँपालिका, उत्तरमा लमही नगरपालिका र राप्ती गाउँपालिका तथा दक्षिणमा भारतको उत्तर प्रदेश रहेका छन् । भने यस गाउँपालिकाले ३५८.५७ वर्ग कि.मी क्षेत्रफल ओगटेको छ ।

**ख. गढवा गाँउपालिकाको नामाकरण**

विक्रम संवत् २०२२ साल अगाडि यस गाउँपालिकामा रहेको मौजाहरूमा थारु (चौधरी) र अहिर ( यादव) जातिको वसोवास रहेको थियो । यहाँ वसोवास गर्ने क्रममा यस ठाउँमा ठूलठूला पानी जम्ने ठाउँ भएकोले पशुपालन गर्ने यादवहरूले आफ्नो भाषामा गहिरो र खाल्डाखुल्डी जम्ने ठाउँलाई "गडाहा'' भन्ने गर्थे, यस ठाउँलाई 'गडाहा', 'गडाहा' भन्दा भन्दै पछि 'गढवा' भन्न थालिएको हो भन्ने जनश्रुति पाइन्छ । त्यस्तै एक अर्को भनाई अनुसार पहिला अन्य गाउँमा रहेका ईनार कुवाको पानी बाक्लो हुने गर्थ्यो बाक्लो पानीलाई थारु भाषामा "गाहार पानी" भन्ने गरिन्छ । यहाँको पानीलाई 'गाहार' पानी भन्दा भन्दै अपभ्रंश हुन गई पछि गएर यस ठाउँको नाम नै "गढवा" रहन गएको हो र पछि यसैबाट गढवा नाम रहन गएको कुरामा स्थानीय बासिन्दाहरूको विश्वास रहेकोछ ।

**ग. जातिगत जनसंख्या**

२०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या ४५,८९८ रहेको छ जसमध्ये महिलाको जनसंख्या २३,५९० (५१.४ प्रतिशत) र पुरुषको जनसंख्या २२,३०८ (४८.६ प्रतिशत) रहेको छ । त्यसैगरी जनगणना अनुसार सबैभन्दा बढी थारु जाति १९,६६९ जना (४१.५%), दोस्रोमा क्षेत्री ४,७१० ( १०.२%) र तेस्रोमा मगर ४,१९० (९.१%) चौथोमा कुमाल ४,०९१ (८.९%) पाँचौंमा यादव ३,५२७ ( ७.७%) छैंठौंमा ब्राह्मण २०१५(४.४%) सातौमा बिश्वकर्मा १,८३१(४%),आठौमा मुसलमान १,५०२( ३.३%) नवौमा परियार ८१७ (१.८%)  र दशौंमा सन्हयासी/दसनामी ६९२ (१.५%) हरुको बसोबास रहेको छ ।

**घ. मुख्य पेशा**

औषत पारिवारिक आम्दानिमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानिको मुख्य श्रोतहरूमा व्यापार, व्यवसाय, नोकरी, साना तथा मझौला उद्योगहरू र विकल्पको रूपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको उत्तम विकल्प खोजि रहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ ।

### ङ. शैक्षिक संस्था

यस गाउँपालिकामा सामुदायिक २४ तथा संस्थागत १३ गरी जम्मा ३७ विद्यालय रहेका छन् । जस्मा प्रा. वि. १०, आ. वि. ७, मा. वि. ७. तथा संस्थागत आधारभुत तह सम्म ६, मा. वि. ३ , १ वटा प्राविधिक शिक्षालय तथा १ वटा क्यामपस रहेको छ । यसरी प्रा. वि., आधारभूत , माध्यमिक तह प्राविधिक शिक्षालय देखि क्याम्पस सम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन् ।

### च.स्वास्थ्य चौकी तथा सेवा केन्द्र

स्वास्थ्य चौकी ४, आधारभुत स्वास्थ्य सेवा केन्द्र ४, आधारभुत स्वास्थ्य ईकाई २ आयुर्वेदिक औषधालय १ वटा सर्पदंस उपचार केन्द्र समेतबाट स्वास्थ्य सेवा प्रदान भैरहेको छ ।

### छ. चाडपर्व रीतिरिवाज

विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्ण जन्माष्टमी, बकराईद, आईतबारी, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

### ज. राजनीतिक अवस्थिती

राजनीतिक विभाजनको आधारमा दाङ जिल्लाको निर्वाचन क्षेत्र नं.१ (क) गढवा गाउँपालिकालाई ८ वडामा विभाजन गरिएको छ । साविकको ४ गाउँ विकास समिति गोबरडिहा, गढवा, गंगापरस्पुर र कोईलाबास मिलिई गढवा गाउँपालीका कायम गरिएको हो ।

| हालको वडा | साविक गा.वि.स.र वडाहरु | क्षेत्रफल वर्ग कि.मी. |
|---|---|---|
| १ | गोवरडिहा (१, २, ३) | ५८.४१ |
| २ | गोवरडिहा (४-६) | ६४.४८ |
| ३ | गोवरडिहा (७, ८, ९) | ३७.५९ |
| ४ | गंगापरस्पुर (१, २, ३, ५) | २१ |
| ५ | गंगापरस्पुर (४, ६, ७, ८, ९) | ३५.७४ |
| ६ | गढवा (१, २, ३, ४, ५) | ६४.०१ |
| ७ | गढवा (६, ७, ८, ९) | २०.३३ |
| ८ | कोइलाबास(१ देखि ९) | ५७.०१ |
| **जम्मा** | | **३५८.५७** |

*स्रोत : गढवा गा.पा. संक्षिप्त परीचय अनलाईन पोर्टल* ***https://gadhawamun.gov.np***

### २. बालबालिका सम्बन्धि विद्यमान कानूनी व्यवस्था

नेपालले संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि अनुमोदन गरेपछि बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राख्दै बाल बचावट, विकास, संरक्षण तथा सहभागिता सम्बन्धी विषयहरूको

प्रभावकारी कार्यान्वयनका लागि संविधान, ऐन, नियम, नीति तथा मापदण्डहरू क्रमशः निर्माण र कार्यान्वयन हुँदै आएका छन् । नेपालको संविधान, २०७२ को धारा ३९ ले बालबालिकाका अधिकारलाई मौलिक हकको रूपमा मान्यता प्रदान गर्दै उनीहरूको संरक्षण, विकास र सहभागिताको सुनिश्चितता गरेको छ । यसैगरी नेपालले बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली, २०७८, मुलुकी अपराध संहिता, २०७४, मुलुकी देवानी संहिता, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय बालबालिका नीति, २०८०, बालविवाह अन्त्यकालागि राष्ट्रिय रणनीति, २०७२ तथा बालविवाह अन्त्यकालागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२, लगायतका कानुनी तथा नीतिगत प्रबन्धहरू लागु गरेको छ । त्यसैगरी लुम्बिनी प्रदेशले पनि बालबालिका सम्बन्धि ऐन, २०७६, बाल विवाह अन्त्यको लागि लुम्बिनी प्रदेशको दशवर्षे रणनीति (आ.व. २०७८ /७९-२०८८ /८९) लागु गरेको छ ।

यी कानूनी तथा नीतिगत व्यवस्थाहरूले बालबालिकालाई शारीरिक, मानसिक, यौनिक, भावनात्मक, सामाजिक तथा आर्थिक शोषण, हिंसा, उपेक्षा, दुर्व्यवहार र अन्य हानिकारक अभ्यासबाट जोगाउने लक्ष्य लिएका छन । समग्रमा बालबालिकाको हक, हित तथा अधिकारको सुनिश्चितताका लागि शिक्षा, स्वास्थ्य, बाल संरक्षण र सहभागिता जस्ता क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहहरूले महत्वपूर्ण तथा परिणाम मुखी भूमिका निर्वाह गर्दै आएका छन् । बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्नु राज्यका सबै तह, समाज र समुदायको साझा दायित्व हो । बाल संरक्षण भन्नाले बालबालिका लाई हानिबाट जोगाउनु मात्र नभई उनीहरूमा विद्यमान जोखिमको पहिचान, रोकथाम, उद्धार, उपचार, मनोसामाजिक सहयोग, पुनःस्थापना तथा पीडितलाई न्याय सुनिश्चित गर्ने समग्र प्रक्रिया बुझिन्छ ।

बालबालिका राष्ट्रको कर्णधार हुन । आजका बालबालिकानै मुलुकको भविष्यका नीति निर्माता हुन् । उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यतिनै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ । वास्तवमा बालबालिका भनेका अर्काको सहारामा बाँच्नुपर्ने अपरिपक्व व्यक्ति हुन् । उनीहरु आफ्नो हित अहितका वारेमा सोच्न सक्दैनन् । यसैको नाजायज फाइदालिई बालबालिका प्रति धेरै प्रकारका दुर्व्यवहारहरु हुन सक्दछन् । उनीरुलाई अर्काको पालनपोषण र स्याहार सम्भारको आवश्यकता पर्दछ । बालबालिकाको पालनपोषण, स्याहार, विकास र संरक्षणको प्राथमिक दायित्व वावुआमा र संरक्षको हो । साथै, बालबालिकालाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार, पालनपोषण, शिक्षादिक्षा दिई तथा हकअधिकारको संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बन्धित सवैको दायित्व हो ।

यसैगरीन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई बालमैत्री शासन प्रवर्द्धन गर्ने, बाल संरक्षणसम्बन्धी संयन्त्र स्थापना गर्ने तथा जोखिममा रहेका बालबालिकाको पहिचान र संरक्षण गर्ने अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । यस सन्दर्भमा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी सुरक्षित, सम्मान जनक र बालमैत्री वातावरण सिर्जना गर्न राष्ट्रिय नीति, कानुनी व्यवस्था तथा स्थानीय आवश्यकता समेतलाई समेटेर स्थानीय तहको बाल संरक्षण नीति निर्माण गर्नु अपरिहार्य देखिन्छ । यस नीतिले वर्तमान तथा भावी दिनमा बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि ठोस आधार प्रदान गर्ने अपेक्षा गरिएकोछ ।

**३.बिगतको प्रयासः**

यो **गढवा गाउँपालिका** विगत लामो समय देखि बालअधिकार संरक्षणको क्षेत्रका विभिन्न गतिविधिहरु प्रभावकारी रुपमा सम्पन्न गर्दै आएको छ । खास गरी बाल अधिकार संरक्षण अन्तर्रगत वाल विवाह अन्त्य सम्बन्धी रणनीति तथा कार्ययोजना (२०७८–२०८८) जारी गरेको छ । विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसहिंता निर्माण गरी लागु गरेको छ । विद्यालयका शिक्षकहरुलाई बालअधिकार र भय रहीत शिक्षण सिकाइका सम्बन्धि रणनीति तथा तालिम, अभिमुखीकरण सञ्चालन गरेको छ । बालश्रम न्यूनिकरणका लागि बालश्रमिकको पहिचान गर्ने र आवश्यकता अनुसार उद्दार गरी पारिवारिक पुनर्मिलन र सहयोग उपलब्ध गराउने काम भएको छ । सबै बालबालिकाको जन्मदर्ता गराउने, बालक्लबहरूसँगको सहकार्यमा समुदाय स्तरमा सडक नाटक, र्याली, घरभेट, अतिरिक्त क्रियाकलाप मार्फत् जनचेतना अभिवृद्धि गर्ने बालबालिका, घरपरिवार तथा संस्थागत रुपमा पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी कार्यान्वयनका लागि व्यापक प्रचारप्रसार गर्ने काम सम्पन्न भएको छ ।

विकासका साझेदार संघसंस्थाहरुसँगको सहकार्यमा बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिदै आएका छन् । समय समयमा राजनीतिक दलका प्रतिनिधिहरुसँग बालसंरक्षणका विषयमा छलफल, अन्तरक्रिया गरी बाल संरक्षणलाई उच्च प्राथमिकता दिई सो को सुनिश्चितताका लागि जिम्मेबारी र भूमिकाको किटान गर्ने र व्यवहारमा उतार्ने प्रयासहरु भएका छन । खास गरी समग्र बाल अधिकारको संरक्षणका लागि गाउँपालिकाका सबै सरोकारवालाहरुको प्रतिवद्धता लिने काम भएको छ ।

## ४. वर्तमान स्थितिः

बालबालिकाको हक अधिकार संरक्षणका लागि संवैधानिक तथा कानुनी प्रावधान कार्यान्वयनमा रहेको छ । बालबालिकाको विषय सम्बोधनका लागि विविध संरचनागत व्यवस्थाहरू भएका छन् । बालबालिका लक्षित संयन्त्र र बालमैत्री स्थानीय शासन व्यवस्था सक्रिय रहँदै आएको छ भने बालबालिकासँग सम्बन्धित विषयहरूमा लगानी अभिवृद्धि भइरहेको छ । बालबालिकाको हकहितको संरक्षण र विकासको लागि सञ्चालित विभिन्न प्रयासहरुले बालबालिकाको स्थितिमा आशातीत सुधार हुन नसके पनि बालबालिकाको जन्म दर्ता तथा शिशु मृत्युदरमा केही सुधार देखिएको छ भने बालबालिकाहरुको विद्यालयमा भर्नाको दरमा बढि रहेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ आए पश्चात् सोही अनुसार बालमैत्री स्थानीय तह एवं बालमैत्री वडा घोषणा गर्ने कार्यक्रमलाई अगाडि बढेको छ । हिंसा तथा दुर्व्यवहारमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न गैर सरकारी संस्थाहरूसँग सहकार्यमा भएको छ । जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा हिंसा र दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार पछिको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना नहुञ्जेल सम्मका लागि अस्थायी संरक्षण सेवा प्रदान गर्न विभिन्न प्रयासहरू भएका छन् । वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि वैकल्पिक स्याहार सेवा प्रदान गर्न प्रयास भएको छ ।

तर कतिपय गरीब र सीमान्तकृत समुहका बालबालिकाहरु शिक्षा पाउने अधिकारबाट वञ्चित छन । बालबालिकाको विकास र कल्याणको लागि परिवार नै एक मात्र उपयुक्त प्राकृतिक वातावरण भए पनि

कतिपय बालबालिकाहरु विभिन्न कारणवश परिवारमा बसी हुर्कने अवसरबाट वञ्चित भइ रहेका छन । गरीबी र परिवारिक विखण्डनको कारण कतिपय बालबालिकाहरु अनाथ भएका छन । समाजमा विद्यमान कुरीति र कुसंस्कारको कारण कतिपय बालबालिको सानै उमेरमा बालविवाह भएको छ । बाल सहभागिताको नाममा बालबालिकालाई अनावश्यक रुपमा सभा, सम्मेलन तथा सेमिनारमा प्रयोग गर्ने प्रचलन छ । अब स्थानिय सरकारको ध्यान समाजमा बालबालिकाको उत्थान, विकास र संरक्षणमा केन्द्रीत हुनुपर्ने आवश्यकता छ । यस सन्दर्भमा बालबालिकाको विकास र संरक्षणको लागि छुट्टै नीति बनाई स्थानिय पालिकाको लागि सक्षम, प्रतिस्पर्धी र अनुशासित नागरिक तयार गर्नु पर्ने समय आएको छ ।

२०७८ को जनगनणा अनुसार गढवा गा.पा.मा निम्न अनुसार बाल विवाहको अवस्था रहेको छ ।

| वडा | घरघुरी संख्या | जम्मा जनसंख्या | २०-२४ वर्षको जनसंख्या | १८ वर्ष मुनी विवाह गर्नेको संख्या | १८ वर्ष मुनी विवाह गर्नेको दर | १५ वर्ष मुनी विवाह गर्नेको संख्या | १५ वर्ष मुनी विवाह गर्नेको दर | आ.व. ८१/८२ २० वर्ष मुनी | | आ.व. ८२/८३ २० वर्ष मुनी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | गर्भवति सख्या | सुत्केरी सख्या | गर्भवति सख्या | सुत्केरी सख्या |
| १ | १६८८ | ७५६१ | ८०६ | १४४ | १७.८७ | २० | २.४८ | २१ | २६ | ३१ | १७ |
| २ | ११६९ | ५५९६ | ६०२ | ९६ | १५.९५ | ९ | १.५ | १० | ० | ५ | ० |
| ३ | ११३५ | ५०४९ | ५५१ | ९८ | १७.७९ | ११ | २ | ८ | ० | ११ | ० |
| ४ | १२६५ | ५९८३ | ६१५ | ६६ | १०.७३ | ७ | १.१४ | २ | ० | ३ | ० |
| ५ | १४८२ | ६९०१ | ६७३ | ८४ | १२.४८ | ११ | १.६३ | १८ | १५ | १५ | ८ |
| ६ | १७१४ | ७८४७ | ८४० | १३३ | १५.८३ | १७ | २.०२ | १२ | २१ | १६ | ८ |
| ७ | १३२० | ६१११ | ६४२ | १०४ | १६.२ | १७ | २.६५ | १३ | ० | ८ | ० |
| ८ | १९१ | ८५० | ९९ | २९ | २९.२९ | ४ | ४.०४ | ३ | ० | १ | ० |
| जम्मा | ९९६४ | ४५८९८ | ४८२८ | ७५४ | १५.६२ | ९६ | १.९९ | ८७ | ६२ | ९० | ३३ |

*स्रोत: जनगनणा २०७८ तथा गढवा स्वास्थ्य शाखा*

## ५.समस्या र चुनौती:

सबै किसिमका बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार सुनिश्चित हुन नसक्नु, विद्यालयमा बालबालिकाको शत प्रतिशत भर्ना नहुनु तथा बालबालिकाको विद्यालय छोड्ने दर कायम रहन नसक्नु, बालमैत्री निगरानी कक्ष, बाल सुधार गृह जस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन नसक्नु समस्याका रूपमा रहेका छन् । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको पहिचान तथा खण्डीकृत तथ्याङ्क नहुनु, बालबालिकामा गरिने भेदभाव लगायतका कार्यलाई प्रभावकारी ढङ्गले नियमन र कारबाहीको दायरामा ल्याउन नसक्नु, बालबालिकाहरू विरूद्धको यौन हिंसा र दुर्व्यवहार एवं सामाजिक सञ्जाल मार्फत बालबालिका विरूद्ध हुने शोषण र दुर्व्यवहार अन्त्य हुन नसक्नु, सुलभ र सहज बाल स्वास्थ्य सेवा सञ्चालनमा आउन नसक्नु, अपाङ्गता भएका बालबालिकाको उपचारात्मक, सुधारात्मक तथा हेरचाहको व्यवस्था पर्याप्त मात्रामा हुन नसक्नु, संस्थागत रूपमा बाल सहभागिता सुनिश्चित हुन नसक्नु, समस्या सम्बोधनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्न नसक्नु जस्ता समस्या विद्यमान छन ।

बालबालिकाको क्षेत्रमा कार्य गर्न पर्याप्त साधन स्रोतको व्यवस्था तथा परिचालन गर्नु, बाल अधिकार संरक्षण प्रणाली सुदृढ गर्नु, अधिकारको उपभोगबाट वञ्चितिकरणमा परेका सबै बालबालिकालाई सेवा

सुविधाको पहुँचमा ल्याउनु चुनौतीको रूपमा रहेको छ । प्रारम्भिक बाल विकास र विद्यालयमा बालमैत्री वातावरण विकास गर्नु, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्नु, बालबालिकाको अनलाइन सुरक्षा सुनिश्चित गर्नु, बालविवाह अन्त्य लगायतका कार्यहरू थप चुनौतीका रूपमा रहेका छन । साथै सबै समुदाय, सार्वजनिक पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउनु, बालबालिकासँग सम्बन्धित खण्डीकृत सूचना व्यवस्थित गर्नु जस्ता चुनौतीहरू समेत विद्यमान छन ।

## ६. नीतिको आवश्यकता र औचित्यः

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन, नेपाल सरकारले अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा दर्शाएका प्रतिवद्धताहरु पालना गर्न, बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ७ को उपदफा (१०) र लुम्बिनी प्रदेशको बालबालिका सम्बन्धी ऐन २०७६ को दफा १९ ले तोकेको स्थानीय तहको दायित्वलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पालिकाको बाल संरक्षण नीतिको अभावमा बालबालिकाहरुको सुरक्षा, संरक्षण, विकास र सहभागिताको लागि प्रभाकारी संयन्त्रको अभाव र योजना तर्जुमा प्रक्रियामा बालबालिकाहरुको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गर्न असहज स्थिति रहेको छ । गढवा गाँउपालिका को भौगोलिक बनावट छिमिकी राष्ट्र भारत संग जोडिएको तथा बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक रुपमा परिचित छ । अतः स्थानीय तहमा पनि बालबालिकाको उज्वल भविष्यको सुनिश्चितताको लागि बालबालिका सुरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गर्न नीतिको विकास गर्नु अपरिहार्य देखिएकाले गढवा गाउँपालिकाको बाल संरक्षण नीति तयार गरिएको छ ।

## ७. बाल अधिकारको सिद्धान्तः

७.१.**बालबालिकाको सर्वोत्तम हितः** बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथामको कार्य गर्दा र बालबालिकाको उद्धार, संरक्षण, पुनर्मिलन एवं पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने,

७.२.**भेदभावरहितताः** बाल संरक्षणको कार्य गर्दा कुनै बालबालिकालाई निजको परिवारको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कार, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने ।

७.३.**शून्य सहनशीलताः** कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा शोषण लगायतका हानी विरूद्ध शून्य सहनशीलताको सिद्धान्त अपनाउने ।

७.४.**गोपनीयताको हकः** बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको उजूरी लिदा, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण, पुनर्मिलन एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्ने,

७.५.**बालबालिकाको विचार र भावनाको कदर:** बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार विरूद्ध बालसंरक्षण कार्य गर्दा पीडित वा प्रभावित बालबालिकालाई विचार अभिव्यक्त गर्न दिने र व्यक्त विचारको निजको बढ्दो उमेर एवम् परिपक्वता अनुरूप उचित कदर गर्ने ।

७.६.**आधारभूत सेवाको प्रत्याभूति:** बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पीडित बालबालिकालाई उद्धार, संरक्षण एवम् पुनःस्थापना गर्दा आवश्यक पर्ने स्वास्थ्य, अस्थायी संरक्षण सेवा वा सुरक्षित बसोबास, मनोविमर्श, कानूनी सेवा लगायत आधारभूत सेवाको प्रत्याभूति गर्ने ।

७.७.**बालमैत्री व्यवहार:** बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पीडित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा उनीहरूसँग बालमैत्री व्यवहार गर्ने,

७.८.**समन्वय र सहकार्य:** बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम, तत्काल कारवाही र पीडित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा राज्यका निकाय, सेवा प्रदायक तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने ।

८.**दीर्घकालीन सोच:**

बाल अधिकार सुनिश्चित गरी **बालमैत्री स्थानीय तह निर्माण** ।

९.ध्येय:

बाल अधिकार संरक्षणको सुनिश्चितता गर्दै बालमैत्री वातावरण कायम गरी बालबालिकालाई सक्षम र योग्य नागरिकको रूपमा तयार गर्ने ।

१०.लक्ष्य:

बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी बालबालिकाको अधिकारको सम्मान, संरक्षण र आवश्यकता परिपूर्ति गर्दै उनीहरूको सर्वाङ्गीण विकास र अर्थपुर्ण सहभागिता सुनिश्चित गरी बाल अधिकारको संरक्षण गर्नु ।

११.उद्देश्य:

क. बालबालिकाको जीवन पर्यन्त आवश्यक न्यूनतम सुविधाहरु प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र शैक्षिक विकास गर्न

ख. बालबालिका विरुद्ध हुने सबै किसिमका शारीरिक वा मानसिक हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव र उपेक्षाको अन्त्य गरी बाल अधिकार संरक्षण, सम्बर्द्धन र पुनर्स्थापना गर्नु ।

ग. बालमैत्री परिवार, समुदाय र सेवा प्रणाली विकास गरी स्थानीय तहको निर्णय प्रक्रियामा बाल सहभागिता सुनिश्चित गर्नु ।

१२.नीति

क. बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक, मानसिक, भावनात्मक तथा यौनजन्य हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव र उपेक्षाको अन्त्य गर्दै सुरक्षित, सम्मानजनक तथा संरक्षणयुक्त वातावरण सुनिश्चित गरिनेछ ।

ख. प्रत्येक बालबालिकालाई परिवार, समुदाय तथा संस्थागत संरचनाबाट आवश्यक हेरचाह, संरक्षण तथा पुर्नस्थापनाको अधिकार सुनिश्चित गरिनेछ ।

ग. बालमैत्री परिवार, समुदाय तथा संस्थागत सेवा प्रणालीको विकास गरी बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी निर्णय प्रक्रिया सञ्चालन गरिनेछ ।

घ. स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

ङ. जोखिममा परेका, हिंसाबाट प्रभावित तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाका लागि उद्धार, संरक्षण, मनो सामाजिक परामर्श तथा पुनर्स्थापनाको व्यवस्था गरिनेछ ।

च. बालबालिकाको जीवनपर्यन्त आवश्यक आधारभूत सेवा (आवास, पोषण, लताकपडा, स्वास्थ्य, शिक्षा,सुरक्षा) सुनिश्चित गरी समग्र शारीरिक, मानसिक, संवेगात्मक, शैक्षिक तथा बौद्धिक विकास सुनिश्चित गरिनेछ ।

१३.रणनीतिः

१३.क. बालबालिका सम्बन्धी कानून व्यवस्थालाई आवश्यकता अनुसार परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने ।

१३.ख. बाल अधिकार, बाल संरक्षण तथा बाल न्याय सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।

१३.ग.जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने ।

१३.घ. धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका गलत अभ्यासहरूको अन्त्य गर्ने ।

१३.ङ. बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, बाल यौन दुर्व्यवहार, बाल विवाह, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न समुदायलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने ।

१३.च. बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

१३.छ. बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाइ हुने व्यवस्था गर्ने ।

१३.ज. बाल विवाहमुक्त, बालश्रमुक्त र बालमैत्री गाउँपालिका निर्माणको लागि संघसंस्थासंग हातेमालो गरी समुदाय स्तरमा यस्ता अभियान संचालन गर्ने ।

१४.कार्यनीतिः

रणनीति क. सँग सम्बन्धितः *बालबालिका सम्बन्धी कानून व्ययस्थालाई आवश्यकता अनुसार परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने ।*

१. बेचबिखन तथा ओसारपसारमा परेका, बेवारिसे, श्रम शोषण लगायत कसुरबाट पीडित बालबालिकाको उद्धार र सकुशल घर फिर्ती, पुनर्स्थापना तथा पुनःएकीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
२. बालबालिकालाई नकारात्मक असर पर्ने गरी श्रव्य, दृश्य लगायत सामाजिक सञ्जालका सामग्रीहरूमा भेदभावलाई प्रवर्द्धन गर्ने, अश्लिलता झल्काउने, हिंसा भड्काउने, निश्चित समुदाय प्रति घृणा प्रवर्द्धन गर्ने जस्ता कार्यलाई निषेध गरिनेछ ।
३. लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको विशेष संरक्षणको लागि प्रक्रियागत आवश्यक सुधार गरिनेछ ।
४. बालबालिका सहभागी हुने खेलकुद, मनोरञ्जन, कार्यक्रम, सभा, सम्मेलन तथा प्रतिस्पर्धात्मक कार्यक्रममा अनिवार्य बाल संरक्षण मापदण्ड लागु गरिनेछ ।
५. विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थामा बाल संरक्षण मापदण्ड लागु गर्ने व्यवस्था मिलाइनेछ ।
६. बाल संरक्षण सम्बन्धी विषयको प्रभावकारी कार्यान्वयन र एकरूपताका साथ सम्बोधनका लागि बाल संरक्षण सम्बन्धी एकिकृत कार्यविधि तर्जुमा गरी लागु गरिनुका साथै आवश्यकता अनुसार विषयगत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
७. बालबालिकालाई राजनीतिक दलका र्‍याली, जुलुस धर्ना जस्ता गतिविधिमा संलग्न गराउने कार्यलाई निषेध गर्न राजनीतिक दल तथा र सामुदायिक संस्थासँगको सहकार्यलाई अघि बढाइनेछ ।

रणनीति ख सँग सम्बन्धितः बालअधिकार, *बालसंरक्षण तथा बाल न्याय सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।*

१. स्थानीय बाल अधिकार समितिलाई विशिष्टीकृत बाल अधिकार निकायको रूपमा सुदृढीकरण गरी उक्त समितको कार्यलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ ।
२. बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि स्थानीय बाल कल्याण अधिकारी, समाजसेवी, बाल मनोविज्ञको क्षमता अभिवृद्धि गरिनेछ ।
३. बालबालिकाको क्षेत्रमा काम गर्ने गैर सरकारी तथा सामाजिक संस्थालाई बालअधिकार तथा संरक्षणको काम गर्न सहज वातावरण तयार गरीनेछ ।
४. स्थानीय स्तरमा बाल संरक्षण घटना व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गरिनेछ ।
५. प्रत्येक वार्डमा बालमैत्री निगरानी कक्षको स्थापना र सबलीकरण गरिनेछ ।
६. बालबालिकाको हक तथा अधिकार कार्यान्वयन गराउन स्थानीय न्यायिक समितिलाई सक्रिय एवं क्रियाशील बनाइनेछ ।

रणनीति ग सँग सम्बन्धितः *जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने ।*

१. बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गर्न जन्मदर्ता गर्ने प्रक्रिया सरल र सहज बनाइनेछ ।
२. जोखिममा रहेका बालबालिकाको जोखिम न्यूनीकरणका लागि बाल कोषको परिचालन गरिनेछ ।
३. बालबालिकाको आवागमनलाई बालमैत्री तथा बाल संरक्षण लक्षित बनाइनेछ ।
४. विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका, बहुविभेदका शिकार भएका बालबालिका लक्षित सामाजिक सुरक्षा कार्यक्रमको विस्तार गरिनेछ ।
५. गर्भमा रहेका तथा शिशु अवस्थाका बालबालिकाको आधारभूत स्याहारका विषय र बालबालिकाले पाउनुपर्ने आधारभूत सेवा सुविधाको लागि पहुँच अभिवृद्धि गरिनेछ ।
६. विपद्को समयमा बालबालिकाको जोखिम मुल्याङ्कन, सेवा प्रवाहको व्यवस्था र संरक्षण तथा अनुगमनका लागि स्थानीय स्तरमा बाल संरक्षण समूहको गठन गरी स्वयंसेवक परिचालन गरिनेछ ।

रणनीति घ सँग सम्बन्धितः *धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने ।*

१. बालविवाह र परम्पराका नाममा हुने गलत अभ्यासको अन्त्यका लागि सञ्चार माध्यम, निजी क्षेत्र, सामाजिक अगुवा, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ ।
२. परम्परागत गलत अभ्यास लगायत बालविवाह सम्बन्धी घटनाको सूचना वा जानकारी प्रक्रियालाई सरलीकृत बनाइ जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
३. बालविवाहका कारणको पहिचान गरी निरोधात्मक कार्य सञ्चालन गरी बालविवाह मुक्त स्थानीय तह घोषणा गर्न उत्प्रेरित गरिनेछ ।
४. बीस वर्ष पुगेपछि मात्र विवाह गर्न किशोरीहरूलाई उत्प्रेरित गर्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ ।
५. बालबालिकाले आफूखुसी गर्ने विवाहलाई नियन्त्रण गर्न बाल क्लबको परिचालन गरी दौंतरी शिक्षालाई प्रोत्साहन गरिनेछ ।
६. बलात्कार, बाध्यात्मक बसाईसराई, बालश्रम तथा बेचबिखन जस्ता सवाल समेत बाल विवाह सँगै जोडिएर आउने भएकोले यस्तो कार्य गर्ने, गराउने, प्रोत्साहन गर्ने वा बाल विवाहमा सहभागी हुने समेतलाई निरूत्साहित एवम् कानून बमोजिम दण्डीत गरिने छ ।

रणनीति ङ सँग सम्बन्धितः *बालबालिकालाई हुने शारीरिक तथा मानसीक दण्ड सजाय, बाल यौन दुर्व्यवहार, बाल बिबाह, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न समुदायलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने ।*

१. शारीरिक दण्ड सजाय, बाल यौन दुर्व्यवहार, बाल बिबाह, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनको अन्त्यका लागि बालअधिकार संरक्षण संयन्त्रहरू, सञ्चार माध्यम, निजी क्षेत्र, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ ।
२. स्थानीय तहमा, शारीरिक तथा मानसीक दण्ड सजाय, बाल यौन दुर्व्यवहार, बाल विबाह, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखन सम्बन्धी घटनाको सूचना वा जानकारी दिन व्यक्ति, परिवार, समुदाय वा जोसुकैलाई प्रोत्साहन गरिने छ र प्रतिकार्य चुस्त दुरुस्त बनाइनेछ ।

३. शारीरिक दण्ड सजाय, बाल यौन दुर्व्यवहार, बाल विबाह, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनका कारण जोखिममा परेका बालबालिकाको तत्काल उद्धार र संरक्षणको व्यवस्था मिलाई कानूनी प्रतिरक्षा गरिनेछ ।
४. बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाउने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।
५. शारीरिक दण्ड सजाय तथा बालश्रमबाट बालबालिकामा हुनसक्ने जोखिम तथा हानिको बारेमा समुदायस्तरमा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
६. जुनसुकै कारणले विस्थापित बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी उनीहरूलाई आधारभूत सुविधामा पहुँच सहज बनाइनेछ ।

रणनीति च. सँग सम्बन्धितः ***बालबालिकाको समग्र व्यक्तित्व विकासकालागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।***

१. वार्षिक बजेट बालबालिकामैत्री बनाइ उक्त बजेटमा बालबालिकाको लागि निश्चित प्रतिशत रकम छुट्याई उनीहरूको शिक्षा, स्वास्थ्य र खेलकुद जस्ता क्षेत्रमा लगानी बढाउन उत्प्रेरित गरिनेछ ।
२. बालबालिकाले मातृभाषामा आधारभूत तहको शिक्षा पाउने व्यवस्था पहल गरिनेछ साथै बालबालिकाको शिक्षण सिकाइ प्रभावकारी बनाउन नयाँ प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ ।
३. बालबालिकाले विद्यालय छाड्ने दर घटाउदै जाने र बिचमा विद्यालय छाडेका तथा विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको सिकाइको लागि वैकल्पिक शिक्षा व्यवस्था मिलाइनेछ ।
४. बालबालिकालाई असल नागरिक बनाउन विद्यालय तथा समुदाय स्तरमा नैतिक तथा नागरिक शिक्षा एवम् जीवन उपयोगी शिक्षालाई प्रोत्साहन गरिनेछ ।
५. विद्यालय बाहिर रहेका बालबालिकालाई अनिवार्य विद्यालय भर्नाका लागि विद्यालय नपठाउने अभिभावकलाई प्रोत्साहन एवं सहजीकरण गरिनेछ ।
६. अब नयाँ बन्ने भौतिक संरचनाहरु बालबालिका तथा अपाङ्गता मैत्री हुनेगरी निर्माण गरिनेछ र सञ्चालनमा रहेका भौतिक पूर्वाधारलाई सुधार गरी बालबालिका मैत्री बनाइनेछ ।
७. बालबालिकालाई परिवारमा नै बालमैत्री वातावरणमा हुर्कने वातावरण निर्माणका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

रणनीति छ सँग सम्बन्धितः ***बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाइ हुने व्यवस्था गर्ने ।***

१. बालबालिकाको समूह (बाल क्लब तथा बाल सञ्जाल) को दर्ता, गठन वा पुनः गठन प्रक्रियालाई सरल र व्यवस्थित बनाइनेछ ।
२. बाल क्लब तथा बाल सञ्जालको अनुभव भएका युवाहरूलाई स्वयंसेवक समूहको रूपमा परिचालन गरी बाल क्लब तथा बाल सञ्जाललाई बालअधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यमा सक्रिय बनाइनेछ ।
३. बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने नीति, योजना, कार्यक्रम तर्जुमा गर्दा बालबालिकाको सहभागिता अभिवृद्धि गरी उनीहरूको विचार र भावनालाई प्राथमिकता दिइने व्यवस्था मिलाइनेछ ।
४. बालबालिकालाई सरकारबाट भएका महत्वपूर्ण निर्णयका विषयमा सूचना र जानकारी दिन बालमैत्री सूचना सामग्री निर्माण गरी विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनेछ ।
५. बालबालिकाको सृजनात्मक अभिव्यक्ति र बालबालिकाद्वारा सञ्चालन हुने सचेतना अभियानलाई सहयोग तथा प्रोत्साहन गरिनेछ ।

६. सूचना प्रविधिको माध्यमबाट बालबालिकामा पर्न सक्ने गलत अभ्यासको प्रभावबाट जोगाउन तथा उमेर अनुसार बालबालिकामा आउने परिवर्तन, मनोभावनाका विषयमा बालबालिकाले खुलेर आफ्ना अविभावकसँग कुरा गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

**रणनीति ज.** *सँग सम्बन्धित: बालबिबाहमुक्त, बालश्रममुक्त र बालमैत्री गाउँपालिका निर्माणको लागि संघसंस्थासंग हातेमालो गरि समुदाय स्तरमा यी अभियान संचालन गर्ने ।*

१. गढवा गाउँपालिकाले बालमैत्री वडा र गाउँपालिका अभियान संचालन गरी क्रमश: बालमैत्री वडा र गाउँपालिका निर्माण गर्ने ।

२. बालबिबाहका घटनाबाट पीडित एवं प्रभावितहरुलाई कानूनी तथा मनोसामाजिक सहायता सेवा प्रदान गर्ने ।

३. बालबिबाहको असर र प्रभाबको बिषय विद्यालयको पाठ्यक्रममा समवेश गर्ने ।

४. गाउँपालिकामा बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना गरी कार्यान्वयनमा ल्याउने र सोही माध्यमबाट एकीकृत प्रतिवेदन तयार गर्ने ।

५. बालबिवाहमुक्त, बालश्रममुक्त र बालमैत्री सम्बन्धी यस गाउँपालिकाले अभियानमूलक कार्यक्रम सञ्चालन गर्नेछ ।

६. गढवा गाउँपालिकामा बाल विवाह, बालश्रमको असर र प्रभावका सम्बन्धमा समुदाय स्तरमा किशोर किशोरी क्लवहरुको सशक्तीकरण र परिचालन कार्यक्रम सञ्चालन गर्ने ।

७. गाउँपालिका स्तरमा जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, अभिभावक, किशोर किशोरी, धार्मिक तथा सामाजिक अगुवाहरु, धर्म गुरुहरु, सरकारी प्रतिनिधि, बालबालिका, अभिभाबक, पार्टी प्यालेस सञ्चालक तथा कपडा, विवाहका गहना बनाउने/बिक्रि गर्ने व्यापारीहरु जस्ता सम्बन्धी निकाय लगायत संघ संस्थाको व्यक्तिहरुसँग समय समयमा सर्वपक्षीय संवादका कार्यक्रम सञ्चालन गर्ने ।

## १५.संस्थागत संरचना

**१५.१. स्थानीय बाल अधिकार समिति गठन:** यस नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नको लागि विभिन्न निकायसँग समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूल प्रवाहीकरण गर्न र नीतिमा समसामयिक सुधार लगायत नीतिगत सहजीकरण गर्न देहाय बमोजिमको स्थानीय बाल अधिकार समिति रहनेछ ।

| | |
|---|---|
| १. उपाध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ४. गाउँ सभा सदस्य मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य १ जना | सदस्य |
| ५. सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट समितिले मनोनित गरेको १ जना | सदस्य |
| ६. ईलाका प्रहरी कार्यालय गढवाको प्रमुख वा प्रतिनिधि १ जना | सदस्य |
| ७. गाउँपालिकाको शिक्षा शाखा प्रमुख | सदस्य |
| ८. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ९. गाउँपालिकाक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य |

१०. स्थानीय तहले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञ वा मनोसामाजिक परामर्शकर्तामध्ये १ जना सदस्य

११. बाल संरक्षणमा कार्यरत संघ संस्था मध्येबाट समितिले मनोनित गरेको १ जना सदस्य

१२. गाउँपालिका स्तरीय बाल सञ्जालको अध्यक्ष सदस्य

१३. स्थानीय बाल कल्याण अधिकारी सदस्य सचिव

१५.२. **स्थानीय बाल कल्याण अधिकारीको व्यवस्थाः** बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षणको समेत काम गर्नको लागि गढवा गाउँपालिकामा एक जना स्थानीय बाल कल्याण अधिकारीको रहनेछ ।

१५.३. **बाल कोषः** बालबालिकाको तत्काल उद्धार, राहत र पुर्नस्थापनाको लागि गढवा गाउँपालिकाले बाल कोषको स्थापना गर्नेछ ।

**१६.विषयगत निकायहरूको भूमिका र जिम्मेवारीः**

१. यो नीतिको कार्यान्वयनको सहजीकरण महिला बालबालिका शाखाले गर्नेछ र सहयोगी निकायको भूमिका स्थानीय बाल अधिकार समितिले गर्नेछ ।

२. यो नीतिको कार्यान्वयनका लागि विषयगत समितिले आफ्नो विषयसँग सम्बन्धित नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछन् ।

३. प्रत्येक वडाले यो नीतिको कार्यान्वयन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्नेछन् ।

**१७.आर्थिक पक्षः**

१. स्थानीय तहको वार्षिक बजेटमा बालमैत्री बजेट सुनिश्चित गरिनेछ ।

२. संघ, प्रदेश तथा विकास साझेदार संस्था एवम् व्यक्तिहरूसँग सहकार्य गरिनेछ ।

**१८.कानूनी व्यवस्थाः**

बाल अधिकार संरक्षण नीति कार्यान्वयनका लागि आवश्यक कार्यविधिको निर्माण एवम् विद्यमान कार्यविधि पुनरावलोकन गरिनेछ ।

**१९.अनुगमन तथा मूल्याङ्कनः**

१. नीति कार्यान्वयनको अनुगमन गर्ने मुख्य जिम्मेवारी स्थानीय बाल अधिकार समितिको हुनेछ ।

२. यस नीतिको वार्षिक रूपमा समीक्षा गरी आवधिक रूपमा पुनरावलोकन गरिनेछ ।

३. बाल अधिकार सूचकका आधारमा नियमित अनुगमन गरिने ।

४. वार्षिक समीक्षा र सार्वजनिक सुनुवाइ गरिने ।

**१७.सम्भावित जोखिम र जोखिम न्यूनीकरणका उपायः**

१. बाल अधिकार संरक्षण नीति कार्यान्वयनमा आवश्यक ज्ञान, सीप र क्षमता भएको दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने ।

२. बालबालिका सम्बन्धी विषय बहुपक्षीय सरोकारको विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

३. नीति कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट अपर्याप्त हुन सक्ने ।

४. सरोकारवालाको सहयोग प्राप्त गर्न कठिनाई हुन सक्ने ।

५. बालबालिकाको अधिकार सम्बन्धी बुझाइमा विविधता हुन सक्ने ।

६. विपदको समयमा बाल अधिकारको प्रत्याभूति गर्ने कार्यमा कठिनाइ आउन सक्ने भएपनि सम्भावित जोखिम न्यूनीकरण गर्न सकिनेछ ।

७. महिला बालबालिका शाखाले भूमिका र जिम्मेवारी स्पष्ट गरी यो नीतिको कार्यान्वयन कार्ययोजना तयार गर्नेछ । नीति कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन योजना तर्जुमा गरी लागु गरिनेछ ।

८. स्थानीय बाल अधिकार समितिलाई नीति कार्यान्वयन र समन्वयको लागि सम्पर्क बिन्दुको रूपमा क्षमता विकास गरिनेछ ।

**२०.संशोधनः**

समय र आवश्यकता अनुसार गढवा गाउँपलिकाको गाउँ कार्यपालिकाले यस नीतिमा संशोधन गर्न सक्नेछ ।

**२१.लागुहुनेः**

यो नीति गाउँपालीका कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**आज्ञाले**
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकिय अधिकृत
मितिः २०८३/२/२९/६